नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३० अंक १०६ २०७७ साल मंसिर ५ गते शुक्रबार (20 Nov. 2020 Friday) मूल्य रु. ५/-

**Log on : rajbirajdainik.com.np**

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

*यस अंक भित्र :* २ पृष्ठमा : हिमाल, पहाड र तराईवासीलाई ... ३ पृष्ठमा : रेडक्रस र कोकाकोलाद्वारा ... ३ पृष्ठमाअमेरिकामा कोभिड-१९ ...

# डुंगा र अटोरिक्साबाट तस्करी लाखौंको सामान बरामद, दुई पक्राउ



**दैनिक समाचारदाता**
**राजविराज, ४ मंसिर ।**

सप्तरीमा केही दिन यता एकपछि अर्को गरि डुंगाबाट लाखौंको तस्करीका सामान बरामद हुन थालेको छ । नेपालमा महंगो मुल्यमा बिक्रि हुने सरसामान भारतीय बजारबाट ल्याउने र भारतीय बजारमा महगो मुल्यमा बिक्रि हुने सरसामान यताबाट डुंगामा राखी लैजाने क्रम बढेपछि प्रहरीले सक्रियता समेत बढाएको छ ।

पछिल्लो पटक अबैध रुपमा भारतबाट डुंगामा लोड गरि ल्याउँदै गरेको ८ लाख ९३ हजार मुल्य बराबरको सरसामान प्रहरीले जफत गरेको छ ।

हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १४ स्थित सप्तकोशी नदी हुँदै भारतबाट अबैध रुपमा डुंगामा लोड गरि ल्याउँदै गरेको सो परिमाणको बाला र चुरा सेट, खम्बा फुल र सप्तरंगी कागज लगायतका सामाग्रि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी एवं डिएसपी भुवनेश्वर साहले जानकारी दिए ।

केही दिनयता डुंगाको प्रयोग तस्कारीमा हुन थालेको खबर आएपछि सादा पोशाकमा सुरक्षाकर्मी समेत निगरानीका लागि परिचालन गरिएको प्रहरी उपरिक्षक राजेन्द्र धमलाले बताए ।

दुई महिनाको अवधीमा डुंगाबाट तस्करी गरि ओसार पोसार गर्न लागिएका १९ लाख भन्दा बढीका सरसामान जफत गरि भन्सार कार्यालयलाई बुझाइएको उनको भनाई छ ।

बुधबारै सोही नगरपालिकाको वडा नं. १४ स्थित हनुमाननगर-कुनौली सडक खण्डमा चेकजाँचको क्रममा भारतबाट भन्सार छलेर प्रदेश नं. १-०४-०००१ ह. ००७३ नम्बरको अटोरिक्सामा लुकाई छिपाई ल्याउँदै गरेको ३ लाख ८ हजार मुल्य बराबरको बाला र चुरा सेट प्रहरीले बरामद गरेको छ ।

सो क्रममा अटो रिक्सा चालक सोही नगरपालिका निवासी २० वर्षिय सेवाज खंग र समानधनी महोत्तरीको गौशाला नगरपालिका २ निवासी ३६ वर्षिय सन्तोष कुमार साह पक्राउ परेका छन् ।

यसरी बरामद गरिएको

*बाँकी अन्तिम पृष्ठमा*

# छठ पर्वको उत्साह र उमंग उत्कर्षमा




**दैनिक समाचारदाता**
**राजविराज, ४ मंसिर ।**

सप्तरी जिल्लामा छठ पर्व धुमधाम साथ मनाउन मधेशवासी उत्साह पूर्वक जुटेका छन् । कोरोना कहरका बीच पनि छठ पर्व मनाउन सबै उमंग थपिएको छ ।

बिहीबार पनि घाट सरसफाई, सजावट तथा छठका लागि किनमेल गर्नेहरुको घुँइचो

*बाँकी अन्तिम पृष्ठमा*

## सूचना

हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## NOVEL CORONA VIRUS (nCOV)
### सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेल कोरोना भाइरसका मुख्य लक्षणहरू



ज्वरो (१००.४°F भन्दा माथि) | श्वास प्रश्वासमा अत्याधिक समस्या | रुघा र खोकी

*"नोवेल कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा अत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोना भाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने ।



खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने ।



फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने ।



फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने ।



जंगली तथा घरपालुवा पशुपन्छी सँगको असुरक्षित सम्पर्कबाट टाढा रहने।



पशुजन्य मासु तथा अन्डा राम्रोसंग पकाएर मात्र खाने ।



नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# हत्याका फरार अभियुक्त पक्राउ

जलेश्वर, ४ मङ्सिर (रासस)।

कर्तव्य ज्यान, अपहरण तथा शरीर बन्धक र नागरिकता मुद्दाका फरार एक अभियुक्त पक्राउ परेका छन्

आठ वर्ष अगाडि २२ वर्षीय किशोरलाई अपहरण गरेर कर्तव्य गरी मारेर फरार रहँदै आएका एकडारा गाउँपालिका-३ का जीवछ अन्सारीलाई महोत्तरीको जलेश्वर नपा-३ भिट्ठामोडबाट बुधबार प्रहरीले पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रहरी उपरीक्षक टीकाबहादुर केसीले बताउनुभयो। जिल्ला प्रहरी कार्यालयले बिहीबार पत्रकार सम्मेलन गरी पक्राउ परेका अन्सारीलाई सार्वजनिक गरेको हो।

प्रहरी उपरीक्षक केसीका अनुसार पक्राउ परेका अन्सारीले चार/पाँच जनासँग मिलेर विसं २०६९ चैत ४ गते जिल्लाकै सोनमा गाउँपालिका-८ का श्याम राय यादवका छोरा कक्षा १२ मा अध्ययनरत २२ वर्षीय पङ्कज यादवलाई ललाइफकाई जलेश्वर घुमाउने भनी ल्याएर अपहरण गरी लागुऔषध सेवन गराई अर्धचेत भएपछि जलेश्वर नपा-१ स्थित राविम क्याम्पसको चौरमा निजको घाँटी रेटी हत्या गरेका थिए। पङ्कज धनुषाको जनकपुर नगरपालिकाको पिडाडीचोकमा डेरा गरी बस्दै आएका थिए।

पक्राउ परेका अन्सारीले नै ल्याएको छुराबाट चार-पाँच जना मिलेर किशोर यादवको हत्या गरी उनले नै बोकी ल्याएको खुर्पा र कोदालोले घटनास्थल नजिकै रहेको रातुखोलाको बगरमा खाल्डो खनी शव गाडेका थिए। साथै मृतकका बुवा श्याम राय यादवलाई विसं २०६९ चैत १० गते सिरहा जिल्लाको लक्ष्मीपुरस्थित कमला नगरमा बोलाई रु सात लाख नेपाली फिरौतीसमेत लिएका थिए।

महोत्तरी जिल्ला अदालतले निज अन्सारीको हकमा विसं २०७२ जेठ १८ गते अपहरण तथा शरीर बन्धक मुद्दामा १७ वर्ष कैद र रु दुई लाख ७५ हजार जरिवाना तोकेको छ भने कर्तव्य ज्यान मुद्दा मुल्तवीमा छ। त्यस्तै उनले झुठा विवरण पेश गरेर विसं २०५१ मा नेपाली नागरिकता लिएकामा उनी उपर २०६२ मा जिल्ला प्रशासन कार्यालय महोत्तरीमा नागरिकता मुद्दासमेत चलाइएको छ।

विद्यार्थी यादवको अपहरण तथा हत्या मुद्दामा यसअघि दुई जना पक्राउ परिसकेको र उनीहरू कारागारमा कैदी जीवन बिताइरहेका छन् भने दुई/तीन जना अझै फरार छन्।

# हिमाल, पहाड र तराईवासीलाई एकै सूत्रमा जोड्ने छठ पर्वको रौनकता

जनकपुरधाम, ४ मङ्सिर (रासस)।
छठ माए अएलीह दुरिया सजाओल हे
पोखरी खना सजाओल हे

तराई भेगका साथै देशका विभिन्न स्थानमा हर्षोल्लासपूर्वक मनाउने रौनकता छाएको सन्देशमूलक यो गीत अहिले यत्रतत्र गुञ्जायमान छ। हिमाल, पहाड र तराईवासीलाई एकै सूत्रमा जोड्ने सेतुका रूपमा स्थापित भइसकेको छठ पर्वका लागि यस पटक कोरोना सङ्क्रमण कहरबीच नदी र पोखरीमा घाट निर्माण र सजावटको कार्य अन्तिम चरणमा पुगिसकेको सन्देश यो गीतले दिइरहेको छ।

मूल विधि चतुर्थीदेखि शुरू भई षष्ठीका दिन बेलुकी अस्ताउन लागेको र सप्तमीका दिन उदाउँदो सूर्यलाई अर्घ्य दिई पूजापाठ गर्दा सन्तान प्राप्ति, निरोगिता, सुख समृद्धि र चर्मरोग जाति हुने जनविश्वास अनुरूप यो पर्व कुनै समय प्राचीन मिथिला भू-भागभित्र मात्र प्रचलित रहेकोमा कालान्तरमा देश-देशान्तरसम्म विस्तार हुँदै गएको पाइन्छ।

सूर्य पूजाको परम्परा सबै सभ्यता, धर्म, समुदाय र युगमा पाइन्छ। बेबिलोनका निवासीले सूर्यलाई अपोलो, जापानीले इजानागी र इजानामीलाई आदि पुरुष र आदि नारी मान्ने गर्दछन् र यी आदि पुरुष, आदि नारीबाट नै सूर्यको जन्म भएको विश्वास राख्छन् भने मिश्र सभ्यतामा एटम अथवा रे भनी सूर्यको पूजा गर्ने गरिन्छ।

मानवलाई सर्वप्रथम उज्यालो दिने, जिउमा गर्मी उत्पन्न गर्ने, रोगव्याधिबाट जोगाउने सूर्य नै भएकाले स्वभावतः मानव सूर्यप्रति आकर्षित भई सूर्य आराधनाको क्रम शुरू भएको मान्यता पाइन्छ। छठ पूजामा छठीमाईको पूजा गर्ने चलन पनि वैदिक अनुष्ठानमा तान्त्रिक अनुष्ठानको सम्मिश्रण रूप मानिन्छ। यो पर्वको सम्पादन षष्ठी तिथिमा हुने भएकाले यसको तद्भव रूप छठले परमेश्वरीका रूपमा लोकमानसमा आस्थाको महापर्वको स्थान ग्रहण गरेको देखिन्छ।

सूर्यको महिमा सबै सम्प्रदाय र ग्रन्थमा रहेको छ। ऋग्वेदमा भनिएको छ, "हे आकाशकी छोरी उषा मलाई अन्न, धन, छोराछोरी देऊ, वरदान देऊ कि म सधैँ बिहान ओछ्यानबाट उठेर बलिष्ठ छोराहरूको मुख देख्न सकौँ।" सूर्योपनिषद्मा सूर्यलाई नै ब्रह्माको साकार रूप बताइएको छ। यतिमात्र होइन यस ग्रन्थमा सूर्यलाई जगत्को पति भनी सम्बोधन पनि गरिएको छ।

यो पर्व कबुला (भाकल) गरेअनुसार गरिन्छ, भाकल नगरी यो व्रत गरिँदैन। भाकल पनि अनेक प्रकारले गरिएको पाइन्छ। कसैले अरूको हातबाट अर्घ्यदान गराउने भाकल गरेका हुन्छन भने कसैले आफैँ व्रत गर्ने भाकल गरेका हुन्छन्। यस्तै एउटा अर्घ्य चढाउनेदेखि जोडा अर्घ्यका साथै पूर्णप्रति अर्घ्यदान गर्ने समेत भाकल गरिएका हुन्छन्।

यसमा कोसिया, कुरबार, छिट्टा, अर्घ्य इत्यादि सबैथोक दुई-दुई प्रति चाहिने हुन्छ। यस्तै माटोका हात्तीमाथि अर्घ्य चढाउने, आँगनमा तथा घाटमा आँचलमाथि नटुआनाच गराउने, बाजा बजाएर अर्घ्यदान गर्ने, भीख मागेर छठ गर्ने भाकल पनि गर्ने गरिएको पाइन्छ। त्यस्तै साधारणतः अर्घ्य दिने, पानीमा उभिने, घरदेखि घाटसम्म आफूलाई दण्ड दिँदै जाने तथा पानीमा उभिनेजस्ता भाकलसमेत गरिएको देखिन्छ। यस्ता भाकल एक वर्षका लागि गर्नुका साथै पाँच वर्ष, दश वर्ष अथवा आजीवन समेतका लागि गरिने गरिएका हुन्छन्।

बर्तालुले शरीर शुद्धि गर्न नुहाई भोकै अन्नजल नलिइकन बस्ने दिनलाई खरना भनिन्छ। यो दिन दिनभरि शरीर खारिने हुनाले यसलाई खरना भनिन्छ। राति देउतालाई चढाएर खिर खाइन्छ। परिवारजनले यसलाई प्रसाद भनी ग्रहण गर्छन्। अर्को दिन बर्तालु अन्न र जलबिना उपवास गर्छन् र साँझपख जलाशयमा अस्ताउँदो सूर्यलाई अर्घ्य दिई घर फर्की बिहानीपख उदाँउदो सूर्यलाई अर्घ्य दिई उपवास तोडछन्। यसलाई पारण भनिन्छ। संयोगवश कुनै बेला हुस्सु लागेर सूर्योदय हुन ढिलाइ हुँदा बर्तालु सूर्यको प्रार्थना गर्दै गाउँछन्:

आन दिन त उगलह हे दीनानाथ
भोरे भिनसरवा
आजुक दिनमा हे दीनानाथ कतए
लागल बेर.....।

अर्थात् हे दीनानाथ अन्य दिन त बिहानै उदाउनुहुन्थ्यो तर आज किन यत्रोबेला भइसक्दा पनि उदाउनुभएन ? गीतको लामो शृङ्खला चल्छ। मूलतः छठ गीतमा पर्वको विशिष्टता, पवित्रता र भक्तिभाव प्रदर्शित गरिएको हुन्छ भने अर्कोतिर पर्व गर्न नपाउने बाँझीहरूको पीडा पनि अभिव्यक्त भएको हुन्छ। छठ पर्वको पवित्रतासँग सम्बन्धित एउटा गीतमा अर्घ्यका लागि राखिएको केराको घरीमाथि उडिरहेको सुगालाई हकार्दै यसरी भनिएको छ:

उजे केरबा फरल घओंद से
आइ पर सुगा मरडाए
उजे मारबौ रे सुगबा धनुख से
सुगा गीरे मुरिछाए
उजे सुगनी जे रोअले वियोग से
आदित होख न सहाए...

अर्थात् केरालाई नछोऊ है, जुठो नबनाऊ। नत्र धनुषवाणले मार्नेछौँ, तिम्री सुगिनी वियोगले छटपटिन थाल्नेछिन्, फेरि सूर्यलाई नै गुहार्नेछिन्- हे सूर्य सहायता गर। त्यस्तै बाँझी महिलाले यो व्रत गर्न नसकेकोमा दीनानाथ (सूर्य) सँग दुखेसो यसरी पोख्ने गर्छिन:

गहबर निपिते हो दीनानाथ
तरहथिया गेल खिआए
धूपबो जे दैत हो दीनानाथ
चुटुकियो गेल कटाए
तैयो ने छुटल हो दीनानाथ
बझिंनिया परधान ..............।

अर्थात् तिम्रो मन्दिरमा पूजा अर्चना गर्दागर्दै थाकी सकेँ तर बाँझी पद मैले छुटाउन सकिनँ। यस पर्वमा जीव र जगत् एकाकार भई दुवैको शक्ति मिलेर एउटा नयाँ शक्ति, ऊर्जा र ओजले यस पर्वमा नयाँ आकार ग्रहण गरिरहेको हुन्छ। प्रकृतिमा अजस्र शक्ति भएको र सम्भवतः यो चमत्कार बर्तालुको कठोर तपस्या, शुद्धता र पवित्रताले कारणले पनि हुनुपर्छ। अतः यो प्रकृतिबाट गृहिणीले आफ्ना सन्तान, पति, परिवारजनलाई शुभशक्ति, शान्ति, सुमङ्गल हस्तान्तरण गर्ने शक्तिशाली पर्व पनि हो।

यस पर्वको तेस्रो दिनअर्थात् षष्ठीलाई पर्वको प्रमुख अंशका रूपमा मानिन्छ। यो दिन बिहानैदेखि चामल र पिठोको ठेकुवा, कसारलगायत परिकार पकाइन्छ। तयार पारिएका परिकार, पाँच थरिका मिठाइ, उखु, अदुवा, नरिवल, मुला, सुथनीलगायतका प्रसाद बाँसको टोकरी, नाङ्लो र सुप्पो राखी शुद्ध जल र गाईको दूधसहित बर्तालु परिवारसहित नजिकका जलाशयमा जान्छन् र बर्तालुले अस्ताउँदो सूर्यलाई अर्घ्य दिन्छन्। भोलिपल्ट सप्तमीका दिन बर्तालुले उदाउँदो सूर्यलाई अर्घ्य दिएपछि यो पहापर्वको महायात्रा सम्पन्न भएको मानिन्छ।

वैज्ञानिक दृष्टिकोणले छठअन्तर्गत उपवास, सरसफाइ र विशेष अनुशासनले मस्तिष्कलाई निविर्षीकरण (डिटोक्सिफीकेशन) मा टेवा पुर्‍याउँछ, आधा शरीर पानीमा डुबाई उभिनुले प्राप्त शक्ति बाहिर आउनमा कमी आउनु र शक्ति मस्तिष्कमा केन्द्रित रहनु, कस्मिक शक्तिले आँखाको रेटिना र छालाको माध्यमले पिटचुटरी, हाइपोथालामस र पिनियल ग्रन्थीमा प्रवेश गर्नु, कस्मिक शक्तिले निष्क्रिय तन्तुलाई सक्रिय पार्ने मान्यता पाइन्छ। वैज्ञानिक रूपले सूर्योदय र सूर्यास्तको बेला मानव सुरक्षिततवरले सौर्य शक्ति प्राप्त गर्न सक्ने तथ्य रहेको छ।

प्राध्यापक डा पशुपतिनाथ झाका अनुसार खेतीपाती र लोकजीवनसँग गहिरो सम्बन्ध, सांस्कृतिक समन्वय र सामाजिक सद्भावको मियोका रूपमा रहेको यो पर्व कर्मशीलता प्रदर्शनको पनि पर्व हो, यसले धार्मिक समन्वय र सहिष्णुताको कार्य पनि गरेको छ।

छठ पर्वलाई आरोग्य र उन्नतिदायक पर्व पनि भनिन्छ। यसमा पुजिने सूर्य र जल दुवै आदि शक्ति हुन्। त्यसैले छठ पर्वले आरोग्य र विशेषगरी चर्मरोगबाट मुक्ति मिल्ने विश्वास पाइन्छ।

# मिथिलाञ्चलमा सामाचकेवा पर्व शुरु

जलेश्वर, ४ मङ्सिर (रासस)।

मिथिलाञ्चलमा दाजुभाइ तथा दिदीबहिनीको प्रेमको प्रतीक सामाचकेवा पर्व बिहीबारदेखि शुरु भएको छ। सो पर्व बिहीबार पञ्चमीदेखि शुरु भई दश दिनसम्म चल्ने छ। एघारौँ दिन पूर्णिमाका दिनमा राति सामाचकेवाको विसर्जन गरी पर्व समापन हुनेछ।

दश दिनसम्म मिथिलाञ्चलका दिदीबहिनी, छोरीबुहारीलगायत महिलाले आआफ्ना दाजुभाइको दीर्घायुको कामना गर्दै सामाचकेवा खेल्छन्। आजको दिन बिहानै मिथिलाञ्चलका दिदीबहिनीले समूहमा गीत गाउँदै गाउँका खेत तथा भीरमा गएर दाजुभाइको हातबाट माटो खनेर ल्याई गिलो पारी विभिन्न प्रकारका कलात्मक सामाचकेवा बनाएका छन्।

बेलुकासम्म सुकिसकेपछि त्यसमा विभिन्न प्रकारका रङ भरेर रङ्गीचङ्गी सामाचकेवा बनाइन्छ। रङ्गिसकेको सामाचकेवा राति रातो रङको बाँसको डालामा राखेर दियो बाली गाउँटोलका प्रत्येक चोक, चौराहा, दोबाटो, चौबाटो, विद्यालय, धर्मशाला, मन्दिर र छठघाटमा लगेर दश दिनसम्म गीत, नाच गर्दै चेलीबेटीले सामाचकेवा खेल्नेछन्।

समूहगत रूपमा चेलीबेटी तथा छोरीबुहारी 'गामके अधिकारी तोहे बरका भैया हो, भैया हातदश पोखरी खुनाई दिय, चम्पा फूल लगाइदिय", "सामचको सामचको ऐहा हो, ऐहा हो, गुँढ खेतमे भसिया हो" लगायत गीत गाएर सामाचकेवा खेलिन्छ। समूहमै सबैले आफ्ना दाजुभाइको दीर्घायुको कामना गर्छन्।

दिदीबहिनीले एघारौँ दिनमा बिहानै सामाचकेवालाई पुनः बनाउने, रङरोगन गर्ने, दिनभरि सुकाएर बेलुका दहीचिउरा खुवाउने, दाजुभाइको फाँर भराउने तथा तिनैबाट फुटाउन लगाएर बाजागाजा, गीतनाचका साथ गाउँको वनमा जोतिएको खेतमा लगेर विसर्जन गर्छन्।

मिथिलाञ्चलका हरेक दिदीबहिनीले निकै मन पराउने सामाचकेवा पर्व सबैले माइत गएर मनाउने इच्छा राख्छन्। सोहीअनुरुप यस पर्वमा टाढाटाढाबाट दिदीबहिनी सामाचकेवा खेल्नका लागि आआफ्ना माइत जाने गर्छन्।

दाजुभाइ तथा दिदीबहिनी नहुनेहरूले टोलछिमेका दाजुभाइ तथा दिदीबहिनीसँग यो पर्व मनाउने गर्छन्। सामाचकेवा पर्व खेल्नाले दाजुभाइको आयु लामो हुने तथा दिदीबहिनीप्रतिको सम्बन्ध प्रगाढ हुने जनविश्वास छ। तराईका महोत्तरी, सर्लाही, सिरहा, धनुषा, सप्तरी, बारा, रौतहट र पर्सा तथा सीमावर्ती भारतीय जिल्लामा यो पर्व लोकप्रिय रहेको छ।

मिथिलाञ्चलमा छठ पर्वको सध्याकालीन अर्घ्य दिनुभन्दा एक दिन पूर्व (बिहीबार) देखि सामाचकेवा पर्वको आगमन हुन्छ। छठको तयारीसँगै यस पर्वका लागि पनि दिदीबहिनीले सामग्री जोरजाम गर्छन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# रेडक्रस र कोकाकोलाद्वारा एक करोड ४० लाख सहयोग

काठमाडौँ, ४ मङ्सिर (रासस)।

बहुराष्ट्रिय कम्पनी कोकाकोला र नेपाल रेडक्रस सोसाइटी को साझेदारीमा कोभिड-१९ महामारीमा अग्रपङ्क्तिमा खटिने स्वास्थ्यकर्मी, बिरामी र स्वयंसेवकको सुरक्षा अभिवृद्धिका लागि विभिन्न अस्पताल र स्वयंसेवकलाई सुरक्षा सामग्री र उपकरण हस्तान्तरणको दोस्रो अभियान बिहीबारदेखि शुरु भएको छ।

विभिन्न अस्पतालमा प्रयोग गर्न हस्तान्तरण गरिने सामग्रीको कूल मूल्य करिब रु एक करोड ४० लाख बराबरको रहेको छ। यस साझेदारीअन्तर्गत देशका सातवटै प्रदेशका प्रमुख अस्पतालमा एक/एक भेन्टिलेटर तथा कार्यरत स्वास्थ्यकर्मी र स्वयंसेवकका लागि व्यक्तिगत सुरक्षा सामग्री हस्तान्तरण गरिनेछ।

यो चरणको सामग्री वितरण अभियान स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री भानुभक्त ढकालको समुपस्थितिमा बिहीबार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय परिसरबाट शुरु गरिएको हो। कोकाकोलासँग समन्वय गरेर दोस्रोपटक सहयोग गरेकामा रेडक्रसको प्रशंसा गर्नुहुँदै मन्त्री ढकालले प्रत्येक प्रदेशका ठूला अस्पतालमा भेन्टिलेटरको व्यवस्था गर्ने योजनाअनुसार उपकरण पुऱ्याउने प्रतिबद्धता व्यक्त गर्नुभयो।

बुधबार सार्वजनिक स्वास्थ्य अध्यादेशले कोभिड महामारीसँगको लडाईंमा सहज हुने अपेक्षा राख्दै हस्तान्तरण समारोहमा मन्त्री ढकालले भन्नुभयो, "विभिन्न अभावकाबीच महामारीसँग लड्नुपर्ने हाम्रो बाध्यतामा सबै सरोकारवालाको साथ र सहयोग प्रशंसनीय रहेको छ।" रेडक्रस र कोकाकोलाबाट उपलब्ध गराइएको सामग्री मन्त्री ढकालले शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पताल टेकुका निर्देशक डाक्टर सागर राजकर्णीकारलाई हस्तान्तरण गर्नुभयो।

रेडक्रसका कार्यवाहक अध्यक्ष शर्मिला कार्की, महामन्त्री पीताम्बर अर्याल, कार्यकारी निर्देशक उमेशप्रसाद ढकाल तथा केन्द्रीय सदस्य दीपेन्द्र ढकाल, निर्देशक पवन गुप्ता र कोकाकोलाको तर्फबाट देशीय प्रतिनिधि इरिना कार्की तथा मानव संशाधन निर्देशक हरि शर्मा न्यौपानेको उपस्थिति थियो।

बिहीबार हस्तान्तरण गरिएका सामग्रीमा सय थान सुरक्षा चस्मा, १२० बाकस सर्जिकल मास्क, १५० थान सुरक्षा पोशाक, ५० बाकस पञ्जा, केएन ९५ मास्क २०० वटा छन्। त्यसैगरी आगामी दुई साताभित्र सात प्रदेशका तोकिएका अस्पतालमा भेन्टिलेटर एक–एक थान सहित ४८ हजार थान सर्जिकल मास्क, केएन-९५ माक्स एक हजार छ सय थान, ५५० थान सुरक्षा पोशाक, सुरक्षा चस्मा ४०० र दश हजार जोडी पञ्जा हस्तान्तरण गरिने सो अवसरमा जानकारी दिइयो। ती सामग्री कोशी अञ्चल अस्पताल मोरङ, नारायणी उपक्षेत्रीय अस्पताल पर्सा, भरतपुर अस्पताल चितवन, पोखरा स्वास्थ्य विज्ञान अस्पताल कास्की, भेरी अञ्चल अस्पताल बाँके, मध्यपश्चिम क्षेत्रीय अस्पताल सुर्खेत र सेती अञ्चल अस्पताल कैलालीमा हस्तान्तरण हुने व्यवस्था मिलाइएको छ।

"रेडक्रससँग कोकाकोलाको साझेदारीले अग्रपङ्क्तिमा खटिएका स्वास्थ्यकर्मीलाई सुरक्षा सामग्री र बिरामीको उपचारका लागि भेन्टिलेटर प्रदान गर्दछ", बोटलर्स नेपाल लिमिटेडका प्रबन्ध निर्देशक प्रदीप पाण्डेले भन्नुभयो। रेडक्रस र कोकाकोला नेपालको यो साझेदारी कोरोना सङ्क्रमणलाई रोकथाम र नियन्त्रण गर्न तथा अग्रपङ्क्तिमा कार्यरत स्वास्थ्यकर्मी र बिरामीलाई संरक्षण गर्ने एउटा प्रयास भएका नेपाल रेडक्रसकी कावा अध्यक्ष कार्कीको भनाइ थियो। रेडक्रसका महामन्त्री अर्यालले कोभिड रोकथाम तथा न्यूनीकरणका लागि सरकार तथा अन्य सरोकारवालासँगको समन्वयमा काम गरिरहेको बताउँदै कोकाकोलासँगको साझेदारीमा पनि अग्रपङ्क्तिमा रहेका स्वास्थ्यकर्मी र कोभिड उपचारको सेवा लिन आउने मानिसलाई सेवा पुऱ्याउने खालका सामग्री सहयोग गरिएको बताउनुभयो।


## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| विगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**


## विश्व समाचार

### अमेरिकामा कोभिड-१९ सङ्क्रमित दुई लाख ५० हजारभन्दा बढी

न्यूयोर्क, ४ मङ्सिर (रासस/एएफपी)।

अमेरिकामा कोभिड-१९ सङ्क्रमित दुई लाख ५० हजारभन्दा बढी व्यक्तिको मृत्यु भएको छ। कोभिड-१९ सङ्क्रमणमा पुनः वृद्धि देखिएकपछि अमेरिकी शहर न्यूयोर्कस्थित विद्यालयहरू बन्द गरी सङ्क्रमण नियन्त्रण गर्ने अन्य उपायसमेतलाई अवलम्वन गर्न थालिएको छ।

यूरोपमा कोभिड-१९ को नियन्त्रणका लागि भन्दै विभिन्न उपायहरूलाई अवलम्बन गर्ने यूरोपेली मुलुकहरूको तयारीविरुद्ध ती मुलुकमा बजार गतिविधि नियन्त्रणविरोधी विरोध भएका छन्।

अमेरिकामा बिहीबारसम्म कोभिड-१९ सङ्क्रमितमध्ये दुई लाख ५० हजार ४२६ व्यक्तिको मृत्यु भएको छ भने बुधबार एकै दिनमा एक लाख ५७ हजार ९५० जना थप व्यक्ति सङ्क्रमित भएका जोन हकिन्स विश्वविद्यालयले बताएको छ।

अमेरिकी राज्य र शहरले कोभिड सङ्क्रमण दरमा नियन्त्रण नआएपछि नियन्त्रणका पूराना तथा नयाँ उपायलाई अभ्यासमा ल्याउने बताएका छन्। न्यूयोर्कका नगरप्रमुख बिल डे ब्लासियोका अनुसार सहरमा कोभिड-१९ सङ्क्रमितको सङ्ख्या पुनः बढ्न थालेपछि शहरमा रहेका करिब एक हजार ८०० विद्यालयलाई बन्द गरिएको छ। ती विद्यालयले दूर शिक्षालाई बिहीबारदेखि नै अभ्यासमा ल्याएका छन्।

नगरप्रमुख ब्लासियोले भन्नुभयो, "हामीले कोभिड-१९ को दोस्रो लहरविरुद्ध लड्न जरुरी भएको छ।" अमेरिकी औषधि कम्पनी पिफाइजरले विकास गरेको खोपले ९४ प्रतिशत बिरामीमा सकारात्मक नतिजा दिएको भन्ने खबरबाट आशावादी बनेका अमेरिकीलाई अमेरिकाको सबैभन्दा बढी जनघनत्व रहेको न्यूयोर्क शहरमा नियन्त्रणका लागि विद्यालय बन्द गर्ने नीतिपछि थप सशङ्कित बनेका छन्।

### आइओटा आँधीका कारण मध्यअमेरिकामा ३० भन्दा बढीको मृत्यु

सान साल्भाडोर, ४ मङ्सिर (रासस/एएफपी)।

मध्य अमेरिकी क्षेत्रमा आएको आइओटा नामक आँधीका कारण मृत्यु हुनेको सङ्ख्या बिहीबार ३० पुगेको संयुक्त राज्य अमेरिकाको राष्ट्रिय आँधी व्यवस्थापन केन्द्रले जानकारी गराएको छ।

गत सोमबार आएको 'पाँचौं श्रेणी'को विनासकारी आँधीका कारण मृत्यु हुनेको सङ्ख्या ३० पुगेको निकारागुवा राज्य प्रशासनले बताएको छ। आँधीको विनासकारी प्रभाव बिहीबारसम्म रहने अमेरिकी मौसम विज्ञान कार्यालयले जानकारी गराएको छ। अमेरिकामा सन् २०२० कै सबैभन्दा ठूलो मानिएको अलसाल्भाडोर क्षेत्रमा आएको एटलान्टिक आँधी भने केही दिनदेखि शान्त बनेको बताइएको छ।

अमेरिकी आँधी केन्द्रका अनुसार आइओटा विस्तारै शान्त हुने क्रम रहेको तर अन्त्यतिर जनजीवनलाई खतरामा पार्ने गरी मध्य अमेरिकी होन्डुरस, निकारागुवा र ग्वाटेमाला क्षेत्रका विभिन्न स्थानहरूमा पहिरो तथा बाढीको मुख्य असर परेको आँधीजन्य विपत् व्यवस्थापन केन्द्रले जनाएको हो।

आइओटाका कारण निकारागुवामा दुई बालबालिकासहित सबैभन्दा बढी १८ व्यक्तिको मृत्यु भएको अधिकारीहरूले बताएका छन्। आँधीका कारण होन्डुरसमा १४ व्यक्तिको मृत्यु भएकोमा पाँच जना एकै परिवारका रहेको बताइएको छ।

### भारतमा कोभिडबाट ५८५ जनाको मृत्यु

नयाँदिल्ली, ४ मङ्सिर (रासस/एएनआई)।

भारतमा केही दिनयता कोरोनाभाइरसबाट संक्रमितको संख्यामा केही कमी आएको देखिए पनि पछिल्लो २४ घण्टामा फेरि संक्रमितको संख्या बढेर ४५ हजार ५७६ पुगेको छ।

भारतीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्रालयका अनुसार पछिल्लो २४ घण्टामा ५८५ जनाको मृत्यु भएको छ। यो सहित भारतमा संक्रमितमध्ये एक लाख ३१ हजार ५७८ जनाको ज्यान गएको छ।

भारतमा हाल ८९ लाख ५८ हजार कूल संक्रमित भेटिए पनि ८३ लाख ८३ हजार संक्रमणमुक्त भएका छन्। संक्रमितको निको हुने दर निकै राम्रो रहेको भारतमा हाल चार लाख ४३ हजार व्यक्ति सक्रिय संक्रमित अवस्थामा छन्।

मन्त्रालयका अनुसार विगत १२ दिनदेखि भारतमा ५० हजारभन्दा कम व्यक्तिमा मात्र संक्रमण देखिएको छ। भारतमै सर्वाधिक असर परेको महाराष्ट्रमा ८१ हजार २०७ जनामा सक्रिय संक्रमण रहेको छ भने केरलामा करिब ७० हजार र दिल्लीमा ४२ हजारमा संक्रमण यथावत रहेको छ।

भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले देशभर १२ करोड ८५ हजार नमुना परीक्षण गरेको जनाएको छ। परिषद्का अनुसार भारतमा कोरोना संक्रमणमुक्त हुने दरमा निरन्तर सुधार हुँदै हाल ९३.५२ प्रतिशत रहेको छ।

### कुन्दुजमा मोर्टार आक्रमणमा सातको मृत्यु

कुन्दुज, ४ मङ्सिर (रासस/एएनआई)।

अफगानिस्तानको उत्तरपूर्वी शहर कुन्दुजमा बुधबार साँझ तालिबानले गरेको आक्रमणमा सात जना सर्वसाधारणको मृत्यु भएको छ। प्रहरीका अनुसार तालिबानले प्रहार गरेको मोर्टार लागेर मारिनेहरुमा महिला र बालबालिकासमेत सात जनको मृत्यु भएको र अरु छ जना घाइते भएका छन्। अफगान रक्षा मन्त्रालयले कुन्दुजको बाहिरी इलाका टालोखा क्षेत्रमा उक्त घटना भएको जनाएको छ।

हालैमात्र, अफगानिस्तानको प्रमुख विद्रोही समूह तालिबान र अफगान सुरक्षा फौजबीच इमाम शाहिब, दस्त-ए-आर्ची समेतका क्षेत्रमा भीडन्त भएका छन्। पछिल्लो मोर्टार आक्रमणका बारेमा तालिबान समूहले केही प्रतिक्रिया दिएको छैन। कतारको दोहामा तालिबान समूह र अफगान प्रतिनिधिबीच वार्ता जारी रहे पनि अफगानिस्तानमा हिंसात्मक घटनामा कमी आएको छैन।

# सीमानाका खोल्न माग गर्दै शान्तिपूर्ण विरोध धर्ना

सर्लाही, ४ मङ्सिर (रासस)।
सर्वपक्षीय जिल्ला सङ्घर्ष समितिको आयोजनामा सर्लाही सदरमुकाम मलङ्गवास्थित गोरखकाली नेपाल-भारत मुख्य सीमा नाका खोल्नुपर्ने माग राख्दै शान्तिपूर्वक धर्ना कार्यक्रम गरिएको छ।

सरकारले कोरोना भाइरसको बहाना बनाएर विगत आठ महिनादेखि जारी राखेको सीमा नाका बन्दको विरोधमा धर्ना कार्यक्रम गरिएको जिल्ला सङ्घर्ष समिति सर्लाहीले जनाएको छ। सोमबार जिल्ला समन्वय समितिको आयोजनामा बसेको सर्वपक्षीय बैठकले कोरोना सङ्क्रमण नियन्त्रणका लागि नेपाल-भारत सीमा नाका लामो समयदेखि बन्द रहेका कारण दुवै देशका सीमावर्ती क्षेत्रका बासिन्दा समस्यामा परेको भन्दै सीमा नाका खुलाउन आन्दोलनको कार्यक्रम घोषणा गरेको थियो।

जिल्ला समन्वय समिति सर्लाहीका सभापति मेथुर चौधरीको अध्यक्षतामा भएको सर्वपक्षीय बैठकले मलङ्गवा गोरखकाली सोनवरसा (भारततर्फ) जाने बाटोमा मङ्गलबार र बुधबार ११ बजेदेखि १ बजेसम्म धर्नामा बस्ने निर्णय गरेको थियो। धर्नापश्चात पनि सीमा नाकाहरू खुला नगरिए थप आन्दोलनका कार्यक्रम घोषणा गर्ने निर्णय भएको जिसस सभापति चौधरीले बताउनुभयो।

सरकारले समयमै सीमा नाका नखोले छठ पर्व सकिएपछि थप आन्दोलनका कार्यक्रमहरू घोषणा गरिने सभापति चौधरीले बताउनुभयो। मुख्य नाका सरकारले औपचारिकरूपमा नखोलिदिएसम्म सर्लाही भन्सार कार्यालयसमेत बन्द रहने उहाँको भनाइ थियो।

सीमा नाका सिल भएका कारण स्थानीयस्तरमा हजारौँ नागरिक प्रभावित भई गरिबी, भोकमरी र व्यापक बेरोजगारी बढेको प्रदेशसभा सदस्य उपेन्द्रप्रसाद कुशवाहाले बताउनुभयो। निश्चित मापदण्ड पूरा गरी कोरोना भाइरस परीक्षण डेस्क र सुरक्षा जाँच सञ्चालनमा ल्याई समयमै सीमा नाका खोल्न सङ्घीय सरकारसँग पटकपटक गुहार गरे पनि सरकारले समस्या समाधानका लागि कुनै पहल नगरेको उहाँले बताउनुभयो।

# कोरोना सङ्क्रमितको निःशुल्क उपचार नगर्ने अस्पताललाई कारवाही गर्ने

काठमाडौँ, ४ मङ्सिर (रासस)।
स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले कोरोना भाइरस सङ्क्रमितको निःशुल्क उपचार नगर्ने अस्पताललाई कारवाही गर्ने भएको छ।

मन्त्रालयका सहप्रवक्ता डा समिरकुमार अधिकारीले सरकारको निर्णयानुसार कोभिड-१९ का सङ्क्रमितको उपचार नगर्ने अस्पताललाई नियमानुसार कारवाही गरिने बताउनुभयो। उहाँले सबै अस्पताललाई सङ्क्रमितको उपचार निःशुल्क गर्ने भनी परिपत्र र निर्देशन दिइसकेको जानकारी दिदैं केही अस्पतालले अझैं निःशुल्क उपचार नगरेको जनगुनासो आएकाले त्यस्ता अस्पताललाई नियमानुसार शोध भर्ना रकम उपलब्ध गराइने जानकारी दिनुभयो।

कोभिड-१९ को उपचारवापत अस्पताललाई अनुदान उपलब्ध गराउनेसम्बन्धी आदेश- २०७७ परिमार्जन गरी मन्त्रालयले कोभिड-१९ उपचारका लागि सूचीकृत अस्पताललाई कोभिड-१९ को लक्षण भएका वा चिह्न देखिएका व्यक्तिको पिसीआर परीक्षण र उपचार निःशुल्क गर्ने निर्णय गरेको थियो। उपचार गरेवापत अस्पताललाई शोधभर्ना रकम मन्त्रालयले उपलब्ध गराउने छ।

सरकारले कोरोना बीमा गरेको हकमा भने बीमा रकमबाट तथा सक्षम, इच्छुक र योगदान गर्ने चाहनेले उपचारमा योगदान गर्न सक्ने भनेको छ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सावर्जनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन ।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन । त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा खुलाउनु हुँदैन ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# देशभर चिसो वृद्धिः काठमाडौँको न्यूनतम तापक्रम यस वर्षकै कम

काठमाडौँ, ४ मङ्सिर (रासस)।
काठमाडौँ उपत्यकासहित देशभरको तापक्रम घट्दै गएको छ। बिहीबार काठमाडौँको न्यूनतम तापक्रम यस वर्षकै सबैभन्दा कम पाँच दशमलव छ डिग्री मापन गरिएको छ। बुधबार काठमाडौँको न्यूनतम तापक्रम छ दशमलव शून्य डिग्री थियो।

मौसमविद् मीनकुमार अर्यालका अनुसार देशभर चिसो बढ्दै जाने क्रममा रहेको छ। "तापक्रम घट्ने क्रममा छ। अब चिसो क्रमशः बढ्दै जान्छ", मौसमविद् अर्यालले भन्नुभयो। दिनभर घाम लागे पनि बिहान र बेलुका जाडो बढेको महसुस भएको छ। मौसमविद्का अनुसार पानी पऱ्यो भने अझै जाडो बढ्छ। तत्काललाई पानी पर्ने सम्भावना रहेको छैन। वर्षा गराउने उल्लेखनीय मौसमी प्रणाली देशभर नै नरहेको बताइएको छ।

जल तथा मौसम विज्ञान विभागले आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै देशका धेरै स्थानमा न्यूनतम तापक्रम घट्नाका साथै तराईका भूभागमा बिहान पारदर्शितामा कमी भई सडक तथा हवाई यातायातसमेत प्रभावित हुन सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ।

मौसम पूर्वानुमान महाशाखाको पछिल्लो विवरणअनुसार बिहीबार काठमाडौँ उपत्यकाको न्यूनतम तापक्रम पाँच दशमलव छ डिग्री र अधिकतम तापक्रम २२ दशमलव तीन डिग्री सेल्सियस छ। त्यस्तै बिहीबार सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम माइनस दुई दशमलव पाँच डिग्री र सबैभन्दा धेरै विराटनगरको न्यूनतम तापक्रम १४ दशमलव शून्य डिग्री सेल्सियस छ।

## डुंगा र अटोरिक्साबाट ...

तस्कारीका सामान भन्सार कार्यालय चलान गरि पक्राउ परेका व्यक्ति उपर आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जिल्लान प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

कुनै बेला सप्तकोशी नदीमा डुंगाको प्रयोग माछा मार्ने र बाढीले बगाएर ल्याउने रुख र काठ संकलन गर्ने कार्यमा प्रयोग हुँदै आएको थियो। तर हाल आएर डुंगाको प्रयोग तस्करीका सामान ओसार पोसार गर्ने कार्यमा प्रयोग हुन थालेको पाइएको छ।

## छठ पर्वको ...

देखिएको छ। जिल्लास्थित विभिन्न ताल तलाउ, खोलालाई सफा गरि ध्वजापातका र रंगबिरगिं बत्तिले बेहुली झै सिंगार्न ब्यस्त छन्।

रोजगारी तथा अन्य प्रयोजनले बाहिर रहेकाहरु पनि छठ पर्व मान्नका लागि क्रमशः घर फर्किन थालेका छन्। भक्तजनले जिल्लाको भगवती पोखरी, कल्टु पोखरी, तुरन्ती पोखरी, सप्तकोशी नदी लगायतका जलाशयलाई झकिझकाउ बनाउने तयारीलाई तिब्र बनाएका हुन्।

सूर्यको आराधना गरि मनाइने छठको दोश्रो दिन बिहीबार ब्रतालुले नुहाई धुवाई चोखो भएर खरना बिधी सुरु गरेका छन्। यस बिधी अन्तरगत ब्रतालुले विभिन्न जातको धानको चामल, गाईको दुध र सखर समिश्रण गरि खिर पकाउछन्।

बिहीबार राती यो परिकार ग्रहण गरेपछि ब्रतालु शुक्रबार दिनभर निरहार बस्छन्। शुक्रबार सझिया घाट र शनिबार बिहान उदाउँदो सूर्यलाई अर्घ दिएर जलाशयबाट घर फर्किएपछि मात्र खाने कुरा खान्छन्।

बुधबार नहाई खाय बिधिबाट सुरु भएको चार दिवसीय छठ पर्व शनिबार उदाउँदो सूर्यलाई अर्घ दिएर समापन हुनेछ।

## हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार रसिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**
- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडमाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**
- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न निःशुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५२१०९६
ipay remit
CITY EXPRESS MONEY TRANSFER
Best Remit Quick & Easy
PRABHU Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : rajbirajdainik@gmail.com, **वेवसाइट** : rajbirajdainik.com.np